# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०७ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारतीय सशस्त्र बलले हिजो राति सञ्चालन गरेको अपरेशन सिन्दूर अनतर्गत  पाकिस्तान र पाकिस्तान अधिकृत जम्मू कश्मीरमा नौ आतंकवादी स्थल ध्वस्त परेको छए   पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले भारतीय सेनाले चालेको साहसिक कदमको प्रशंसा गर्नुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज दिउसो राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसित भेंट गर्नुभयो  अनि ऑपरेशन सिंदूरबारे जानकारी  दिनुभयो।

- पाकिस्तान तथा पकिस्तान अधिकृत काश्मीरमा रहेका ९ वटा आतंकी ठेकानाहरूलाई भारतीय सशस्त्र बलले पूर्ण रूपमा ध्वस्त गरेकोमा दार्जीलिङ पहाड़का नेताहरूले भारतीय सेनालाई सेलुट गरेका छन

- राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालले अमेरिका , जापान, युरोपेली देशहरू, ब्रिटेन, रूस आदि सहित कैयंन देशहरूका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूसित फोनमा कुराकानी गर्नुभयो

- पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज उच्च माध्यमिक परीक्षा २०२५ को नतिजा घोषणा गऱ्यो।

**ऑपरेशन सिंदूर**

भारतीय सशस्त्र बलले हिजो राति सञ्चालन गरेको अपरेशन सिन्दूर 25 मिनट सम्म चल्यो र यस जवाबी कारबाहीमा पाकिस्तान र पाकिस्तान अधिकृत जम्मू कश्मीरमा नौ आतंकवादी लुक्ने ठाउँहरू ध्वस्त पारियो। यी आतंकी ठेकानाहरुमा पाकिस्तानको सियालकोटमा सर्जाल क्याम्प, महमुना जोया र मरकज तैयबा मुरिदके  तथा बहावलपुरमा मरकज सुभानल्लाह सामेल छन्। पाकिस्तानको कब्जामा रहेको कश्मीरमा सवाई नाला र मुजफ्फराबादको सैयद ना बिलाल, कोटली गुलपुर, बिम्बर र कोटली अब्बासमा आतंकवादी लुक्ने ठाउँहरू ध्वस्त पारिएको संयुक्त प्रेस वार्तामा भारतीय सेनाकी कर्नल सोफिया कुरैशी र भारतीय वायुसेनाका विंग कमाण्डर व्योमिका सिंहले  पहलगाम आतंकी हमलाका पीडितहरूलाई न्याय प्रदान गर्न अपरेशन सिन्दूर सुरु गरिएको बताउनुभयो। उहाँले भन्नुभयो अपरेशन हिजो राति एक बजेर पांच मिनट देखि एक बजेर तीस मिनट सम्म चलाईएको थियो।  उहाँले भन्नुभयो विगत तीन दशकदेखि पाकिस्तानले आफ्नो भूभाग भित्र र पाकिस्तान अधिकृत कश्मीरमा आतंकी ढांचा निर्माण गरिरहेको छ, जसमा भर्ती, आतंकवादी विचारधारा प्रदान गर्ने र आतंकी कारबाहीको लागि प्रशिक्षण र लॉन्च प्याडहरू सामेल छन्। प्रेस वार्तामा हमलामा नष्ट गरिएका आतंकवादी स्थल र सैन्य तथा नागरिक प्रतिष्ठानहरुलाई निशाना नबनाई सफलतापूर्वक चलाइएको ऑपरेशन सिंदूरको बारे विस्तृत जानकारी गराइयो । कर्नल सोफिया कुरेशी र विंग कमाण्डर व्योमिका सिंहले भन्नुभयो भारतीय सशस्त्र बल भविष्यमा पाकिस्तानको कुनै पनि दुस्साहसको उचित जवाफ दिन पूर्ण रूपमा तयार छ। यस अवसरमा विदेश सचिव विक्रम मिसरीले पहलगाम आतंकी हमलाको जांचले पाकिस्तानको आतंकीहरुसितको सम्बन्ध उजागर गरेको बताउनु भएको छ। उहाँले भन्नुभयो आतंकी गतिविधिहरूको निगरानी गर्ने भारतका खुफिया एजेन्सीहरूले भारतमा थप हमला हुन सक्ने संकेत गरेका छन्।श्री मिश्रीले पहलगामको घटना 2008 को मुम्बई हमला पछिको सबैभन्दा गम्भीर आतंकी हमला

रहेको बताउनु भयो। श्री मिसरीले थप भन्नुभयो रेजिस्टेंस फ्रंट नामक समूहले पहलगाम हमलाको जिम्मेवारी लिएको छ र यो समूह लश्कर-ए-तैयबासित जोडीएको छ।

**शाह - मुख्यमन्त्रीहरूको बैठक**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज दिउँसो सीमावर्ती राज्यहरूका मुख्यमन्त्रीहरूए डीजीपीहरू र मुख्य सचिवहरूको बैठक गर्नुभयो। बैठकमा जम्मू कश्मीरए पञ्जाबए राजस्थानए गुजरातए उत्तराखण्डए उत्तर प्रदेशए बिहारए सिक्किमए पश्चिम बंगालका मुख्यमन्त्रीहरू र लद्दाख र जम्मू कश्मीरका उपराज्यपालहरू भाग लिए।

**अजीत डोभाल**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालले अमेरिका , जापान, युरोपेली देशहरू, ब्रिटेन, रूस आदि सहित कैयंन देशहरूका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूसित फोनमा कुराकानी गर्नुभयो तथा पाकिस्तान अनि पाकिस्तान अधिकृत काश्मीरमा आतंकवादीहरू को ढ़ाँचाहरूमाथि भारतीय सेनाले सगरेको सैन्य कारवाही सिन्दुर बारे जानकारी गराउनुभयो। सुत्रहरूले बताए अनुसार भारतीय सेनाले केवल आतंकी अड्डाहरूलाई लक्ष्य गरि हमला गरेको तथा पाकिसतानको सैन्य अड्डा अनि नागरिकहरूलाई लक्ष्य नगरएिको स्पष्ट गर्नुभयो श्री डोभालले यो कारवाही युद्ध भड़काउने होइन तर पहलमा आतंकी हमलाका षड़यन्त्रकारीहरू र दोषीहरू विरूद्धको सठीक कारवही मात्र हो अभनी श्री डोभाले स्पष्ट गर्नुभको समेत सूत्रले बताएका छन्।

**कार्वाही सिन्दुर स्थानीय प्रतिक्रिया**

पाकिसतान तथा पकिसतान अधिकृत काश्मीरमा रहेका ६ वटा आतंकी ठेकानाहरूलाई भारतीय सशस्त्र बलले पूर्ण रूपमा ध्वस्त गरेकोमा दार्जीलिङ पहाड़का नेताहरूजे भारतीय सेनालाई सेलुट गरेका छन्। दार्जीलिङका लोकसभा सांसदले भारतका लागि गर्व र गौरवको क्षण रहेको प्रधानमंत्री नरेन्द्र मोदकीको कर्त्तव्यलाई दहोरयाउनु भयो। उहाँले आजको भारत विश्व शक्ति र पराक्रमले भरी पूर्ण देश हो भनी बताएका छन्। उहाँले देश्को सेनालाई सलाम ठोक्नु भएको छ। यसै क्रममा गोरखा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरूङले यस कारवाहीको समर्थन गर्दै आतंकवाद विरूद्ध भारतीय सेनाको कारवाहीको सराहना गर्नुभएको छ। भूतपूर्व सैनिक कारवाहीको सराहना गर्नुभएको छ। भूपूर्व सैनिक संगठन मिरिका अध्यक्ष अवकाश प्राप्त क्यापटन मिलन सुब्बाले पाकिसतन आतंकवादको गढ़ बनेको थियो भन्दै पहलगाम आतंकवाी हमलाको बदला लिईएको बताएका छन्। उहाँले भन्नुभयो- **बाईट मिलन सुब्बा**

यसैक्रममा दार्जीलिङका भूतपूर्व सैन्य अध्किारी मेघराज छेत्रीले भन्नुभयो पकिस्तान, आतंकस्तिान बन्दै गएको थियो। प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा सेनाले आतंकवादको जराम जबरजस्ता प्रहार गरेको भन्दै जवानहरूको सौर्यको सराजना गर्नुभएको छ।

**बाईट मेघराज छेत्री**

जीटिएका पूर्व कार्यपाल विनय तामंङ, आईजीजेएल अध्यक्ष अजय एडर्वाडले पनि यस कारवाहीको सराजना गर्नुभयो। विश्वहिन्दु परिषदका उत्तर बंगालका अध्यक्ष लक्ष्मण अग्रवालले भारतीय सेनाको पराक्रमको सराहना गर्दै निर्दोष हिन्दुहरूलाई पहलगाममा जेहादीहरूले हत्या गरि नारीहरूको सिन्दुरको बदला लिईएको बताउनुभएको छ। उहाँले भन्नुभएको छ-

**बाईट लक्ष्मण अग्रवाल**

गौरिया मठका स्वामी महाराज सजन केशवले भारतीय सेना तथा यस कारवाहीको समर्थन गर्दै जवानहरूलाई नमन गर्नुभएको छ।

**बाईट साजन महाराज**

दार्जीलिङ तथा खरसांगका विधायक निरज जिम्बा तथा बी.पी बजगाईले यस सैन्य कारवाहीको समर्थन गर्दै भारतीय सेनाको सौर्य र पराक्रमको सराहना गर्दै सैन्य जवानहरूलाई सेलुट गर्नुभएको छ।

**उच्च माध्यमिक नतिजा घोषणा**

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले आज उच्च माध्यमिक परीक्षा २०२५ को नतिजा घोषणा गऱ्यो। समग्रमा, यस वर्षको परीक्षाको नतिजा विगतका वर्षहरूको तुलनामा सबैभन्दा राम्रो भएको बताइएको छ । परिषद् अध्यक्षले ५० दिन भित्र नतिजा सार्वजनिक गर्नु ठूलो उपलब्धि भएको जानकारी दिए । यस वर्ष, 'नियमित' श्रेणीको परीक्षामा कुल ४,७३,९१९ विद्यार्थीहरू सहभागी भएका थिए, जसमध्ये ४,३०,२८६ जना सफल भएका छन् । समग्र उत्तीर्ण प्रतिशत ९०.७९ रहेको छ, जुन गत वर्षको ९० प्रतिशतभन्दा राम्रो हो। केटाहरूको उत्तीर्ण प्रतिशत ९२.३ छ भने केटीहरूको ८८.१३ रहेको छ ।शीर्ष १० मा ७२ विद्यार्थीहरू समावेश रहेका छन, सबैभन्दा धेरै १४ नाम हुगलीबाट रहेका छन्,यस वर्षको मेरिट लिस्टमा ७२ जना विद्यार्थी समावेश गरिएका छन्, जसमध्ये १४ जना हुगली जिल्लाका छन्।रूपायन पालले प्रथम स्थान हासिल गरेका छन्। उनी बर्दवान सीएमएस स्कूल (पूर्व बर्दवान) का विद्यार्थी हुन् र उनले ४९७ अंक (९९.४ प्रतिशत) प्राप्त गरेका छन्।२०२५ पुरानो प्रणाली अनुसार परीक्षा सञ्चालन भएको अन्तिम वर्ष हो। २०२६ देखि उच्च माध्यमिक परीक्षा सेमेस्टर प्रणालीमा सञ्चालन हुनेछ, जसमा परीक्षा वर्षमा दुई पटक सञ्चालन हुनेछ। तेस्रो सेमेस्टर सेप्टेम्बर ८ देखि २२, २०२५ सम्म र चौथो सेमेस्टर फेब्रुअरी १२ देखि २७, २०२६ सम्म चल्नेछ।मार्कसिट र प्रमाणपत्रहरूको वितरण ८ मईमा बिहान १० बजे राज्यभरका ५५ वितरण केन्द्रहरूबाट सुरु हुनेछ, जहाँ स्कूल प्रतिनिधिहरूले ती प्रमाणपत्रहरू प्राप्त गर्नेछन्।

**मुख्यमन्त्री प्रतिक्रिया**

भारतीय सेनाको 'अपरेशन सिन्दूर'लाई लिएर देशभरिबाट राजनीतिक प्रतिक्रियाहरू आइरहेका छन्। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पनि यस अभियानमा आफ्नो प्रतिक्रिया दिनु भएको छ। उहाँले सामाजिक सञ्जाल प्लेटफर्म 'X' मा छोटो सन्देश दिनुहुँदै - "जय हिन्द! जय भारत!" लेल्हु भएको छ| यस सन्देशमा, उहाँले भारतीय सेनाले चालेको साहसिक कदमको प्रशंसा मात्र गरेनन् तर केन्द्र सरकारले चालेको यो निर्णायक कदमलाई अप्रत्यक्ष रूपमा समर्थन पनि गर्नुभएको छ।ममता बनर्जीको यो बयान त्यसबेला आयो जब केन्द्र सरकारले आधिकारिक रूपमा 'अपरेशन सिन्दूर' को सफलताको पुष्टि गरेको थियो।

**मुख्यमन्त्री बधाई**

मुख्यमन्त्री ममता बनर्जीले उच्च माध्यमिक परीक्षा उत्तीर्ण गर्नेहरूलाई बधाई दिनुभएको छ। आफ्नो x ह्यान्डल सन्देशमा उहाँले भन्नुभयो, "यस वर्ष उच्च माध्यमिक परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई शुभकामना।उहाँले यी विद्यार्थीहरुले भविष्यमा अझ धेरै सफलता हासिल गर्ने र देशलाई अझ उज्यालो बनाउनेमा बिस्वास जताउनु भयो।यसका साथै मुख्यमंत्रीले बिद्यार्थीहरुका आमाबाबु, शिक्षकहरू र अभिभावकहरूलाई हार्दिक अभिवादन र शुभकामना व्यक्त गर्नुहुँदै अपेक्षित नतिजा नपाएकाहरूलाई निराश नहुने अनुरोध गर्नुभयो ।

**क्विज प्रतियोगिता**

दार्जिलिङ पुलिसको आयोजनामा विभिन्न स्कूलहरुलाई लिएर खरसाङमा क्विज प्रतियोगिता सम्पन्न भएको छ। खरसाङको सन्त एन्थोनी स्कूलमा आयोजना गरिएको उक्त क्विज प्रतियोगितामा जम्मा 21 वटा स्कूलहरुले भाग लिएका थिए। दार्जिलिङ पुलिसको पहलमा रोटरी हिमालयसको संयुक्त आयोजनामा विभिन्न स्कूलहरुलाई लिएर क्लष्टर बी खरसाङमा आयोजित क्विज प्रतियोगितामा सिलगढी, तीनधारे र खरसाङ क्षेत्रका जम्मा 21 वटा स्कूलहरुले भाग लिएका थिए। 21 वटामा 6 वटा स्कूलहरु फाइनल राउण्डको लागि चयन भएका छन।

**अमन तामाङ**

पहाडको गोर्खे छोरा अमन तामाङले सफलतापूर्वक आफ्नो पीएचडी पूरा गरेका छन्। दार्जिलिङ जिल्ला अन्तर्गत रङ्ली

रङ्लीयट खण्ड अन्तर्गत जिङ्लाम चियाबारीको सरदारधुरा निवासी अमन तामाङले हालैमा आफ्नो पीएचडी पूरा गरेर आफ्नो परिवार, गाउँ -ठाउँ र जातिलाई नै गौरवान्वित तुल्याएका छन्। तामाङले नव नालन्दा महाविरा विश्वविद्यालयबाट आफ्नो पीएचडी पूरा गरेका छन्। उनले आफ्नो पीएचडी तामाङ जातिमा हुने ताम्बा विषयमा रहेको छ। उनको पीएचडीको विषय -'तामाङ समुदायमा ताम्बाको महत्व र अभ्यास: एक आलोचनात्मक अध्ययन' रहेको छ।

**जाम्बुलिंग गुम्बा मिरिक**

मिरिक बजारस्थित जाम्बुलिंग गुम्बामा गत वर्षहरु झैँ यस वर्ष पनि भगवान गौताम वुद्धको जन्म जयन्ती भव्यताको साथमा भक्तिभाव अनि पूजा अर्चनाको साथमा पालन गरिने कार्यक्रम शुरू भएको छ।गुम्बाका अध्यक्ष रोशन लामा यल्मो अनि सचिव जे के गोलेले ७ मईदेखि १२ मईसम्म गुम्बामा पूजा अर्चना हुने बताउदै पूजाको अन्तिम दिन भगवान वुद्धको प्रतिमा नगर परिक्रमा गराईएपछि वांग वितरण गरेपछि पूजा समापन हुने बताएका छन् I यसका साथै उनीहरुले भक्तहरुलाई पूजामा उपस्थित भइदिने आह्वान पनि गरेका छन् I

**पेमा छयोइलिङ गुम्बा**

गुम्बा स्थापनादेखि यता निरन्तर रूपमा बुद्ध जयन्ती पालन गर्दै आइरहेको दवाईपानी बस्ती स्थित पेमा छयोइलिङ गुम्बामा यस वर्ष पनि भगवान बुद्धको 2569 जन्म जयन्ती भक्तिभाव तथा श्रद्धा पूर्वक पालन गरिने भएको छ। जन्म जयन्ती अनुष्ठान तथा पूजा आयोजनाको निम्ति गुम्बा सन्चालन समिति एंव पूजा आयोजक समितिले तयारी गरिरहेको छ। यस वर्ष पनि गुम्बामा पूजा पाठ, भगवान् बुद्धको धार्मिक शोभायात्रा निकालिने ,वाङ तथा अभिषेक, प्रसाद वितरण जस्ता कार्यक्रमहरु रहेको जानकारी प्राप्त भएको छ।

****** ० ******